# दूर सिकाइ प्रविधिका लागि अभिभावकलाई आवश्यक

https://www.dpsk12.org/coronavirus/#familyresources

**<u>इन्टरनेट विकल्पहरू</u>**

- **गृह इन्टरनेट:**
  - इन्टरनेट एसेन्सियल्स: यस कार्यक्रमले वहन गर्न सकिने गृह इन्टरनेट प्रदान गर्दछ। अनलाइन सिकाइका लागि बढ्दो माग सँगै आइले विशेष छूटहरू र उच्च गति प्रदान
  - गरिरहेको छ।
- **डिपिएसबाट जारी गरेका हस्टस्पटहरूः**
  - डिपिएसबाट जारी गरिएका हटस्पटहरूले घरमा इन्टनेट नभएका विद्यार्थीहरूलाई ताररहित विशेष नेटवर्कहरूसँग जोड्छ। यिनलाई वसन्त विदा पछाडि आवश्यक हुने विद्यार्थीहरूलाई वितरण गरिनेछ। वितरणका बारेमा बढी जानकारी स्कूल नेतृत्वकर्ताहरूसँग आदानप्रदान गरिनेछ।
- **अन्य विकल्पहरूः**
  - कनेक्टिभिटिका लागि अन्य विकल्पहरू पनि छन् जसले डिस्ट्रिक्टका विभिन्न क्षेत्रहरूमा उपलब्धका आधारमा विभिन्न डिग्रीको गतिका अविराम पहुँच प्रदान गर्दछन्।
    - **मोबाइल फोन टिथरिङः** व्यक्तिगत मोबाइल फोनलाई अन्य उपकरणहरूमा इन्टरनेट प्रदान गर्नका लागि हटस्पटको रूपमा प्रयोग गर्न सकिन्छ, जस्तै क्रोमबुक। अतिरिक्त शुल्क लाग्न सक्ने हुन्छ, बढी जानकारीका लागि आफ्नो सेवा प्रदायकसँग सम्पर्क गर्नुहोस्।
    - **सार्वजानिक वाइफाइ:** (यसमा प्रयोगकर्ता वाइफाइबाट १०० फिटको दूरीमा हुनु आवश्यक छ, जसले घरमा बसेका लागि सबैलाई काम नदिन सक्छ; सार्वजानिक वाइफाइ अन्य विकल्पहरूभन्दा कम सुरक्षित भएकाले सावधानी अपनाउन नबिर्सनुहोला)
      - एक्सफिनिटी वाइफाइ हटस्पट्स (सहरभरि कभरेज भिन्न छ)
      - डेनभर पब्लिक लाइब्रेरी – डिपिएल वायरलेस (कभरेज डिपिएस परिसर वा पार्किङ स्थलमा उपलब्ध)
      - डिपिएस गेस्ट (कभरेज डिपिएस परिसर वा पार्किङ स्थलमा उपलब्ध)

**<u>विद्यार्थीहरूलाई सुरक्षित राख्ने</u>**

- **डिपिएस फिल्टरिङः**
  - हाम्रा विद्यार्थीहरूको अनलाइन अनुभवहरूलाई सुरक्षित सुनिश्चित गर्न डिपिएसले सक्दो गर्नेछ। डिस्ट्रिक्टले जारी गरेका उपकरणहरूमा र डिस्ट्रिक्ट नेटवर्क कनेक्सनहरूमा हाम्रा वेब फिल्टरहरूलाई सम्भव भएसम्म अनुपयुक्त विषयवस्तुलाई ब्लक गर्ने गरी प्रोग्रामिङ गरिएको छ।
  - यदि विद्यार्थीले स्कूलमा वा घरमा डिस्ट्रिक्टले जारी गरेको क्रोमबुक वा आइप्याड प्रयोग गरिरहेको छ भने, सोले जहिले पनि डिपिएस वेब फिल्टरिङ भएर जानु पर्नेछ।
  - सम्पूर्ण प्रविधि आधारित समाधान झैं, प्रयोगकर्ताले अनुपयुक्त प्रयोगका लागि  यी इन्टरनेट फिल्टरलाई छल्ने प्रयास गर्न सक्छन्। हामी अभिभावकहरूलाई आफ्नो विद्यार्थीको इन्टरनेट प्रयोगमा संलग्न रहन प्रोत्साहित गर्दछौं।
- **एन्टी-बुलीइङ सफ्टवेयर:**

    - डिपिएसले कुनै पनि डिस्ट्रिक्ट-व्यवस्थित गुगल सुट उत्पादनहरूमा क्रियाकलाप अनुगमन गर्नका लागि ग्यागलको प्रयोग गर्दछ, यसमा डक्स, सिट्स, इमेल र च्याट सामेल छन्। यदि ग्यागलले बुलीइङ, साइबरबुलीइङ, वा अन्य गैरकानुनी क्रियाकलापहरू भैरहेको पत्ता लगाउँछ भने, सो विद्यार्थीले डिस्ट्रिक्ट प्रविधि र सम्बन्धित सफ्टवेयरको पहुँच गुमाउनु पर्नेछ।
- **अभिभावक सतर्कता:**
    - अभिभावकहरूले पनि आफ्नो विद्यार्थीको उपकरणमा लगइन गरेर उनीहरूको ब्राउजिङ विवरण हेर्न सक्छन्। विद्यार्थीहरू इनकग्निटो मोडमा ब्राउजिङ गर्न असमर्थ छन्।